

# अरूहरूलाई सहयोग गर्न सहयोग लिने

सेवा गर्ने हाम्रो प्रयासमा हामीलाई आवश्यकता पर्दा हामीले अरूहरूलाई कसरी समावेश गर्छौं ? सेवा अन्तरवार्ताहरू र पहिलो आइतबारका परामर्श सभाहरूमा सहभागी हुनुहोस्।

**मल्टीपल** स्क्लेरोसिसले क्याथीलाई ह्विल चेयरमा सिमित गरेपछि उनले आफुलाई ह्विल चेयरबाट ओच्छयानमा पुग्नका लागि प्रत्येक रात सहयोग चाहिन्छ भन्ने पत्ता लगाईन। कुनै पनि सदस्यलाई त्यो कार्य अति नै कठीन थियो। त्यसैले उनको अवस्थाका बारेमा एल्डर गणले परामर्श गरी उनलाई हरेक साँझ सहयोग गर्ने कार्यसूची बनायो। [१]

जब हामीलाई आफुले सेवा गर्नेहरूका आवश्यकता र उनीहरूको सवल पक्षका बारेमा जानकारी पाउनेछौं, हामीले तिनीहरूका आवश्क्यतालई पूरा गर्न हामीलाई आवश्यक पर्ने सहयोग पत्ता लगाउन सक्नेछौँ। सेवा अन्तरवार्ताहरू र पहिलो आइतबारका परामर्श सभाहरू उपयुक्त तरिकाले अरूहरूलाई कसरी सहभागी गराउने भनेर छलफल गर्ने दुई अवसरहरू हुन्।

सेवा अन्तरवार्ताहरू

सेवा गर्ने दिदीबहिनीहरू र राहत समाजको अध्यक्षता वा सेवा गर्ने दाजुभाइहरू र एल्डर गणको अध्यक्षता बीचक यी त्रैमासिक अन्तरवार्ताहरू नै हामीले सेवा गर्नेहरूका बारेमा हामीले बनाउने एक मात्रै औपचारिक प्रतिवेदन हो। कम्तिमा पनि त्रैमासिक रुपमा गरिने अन्तरवार्ता एक अवसर हो। १. नियुक्त गरिएका परिवारहरू र व्यक्तिहरूका सवल पक्षहरु, आवश्यकताहरू र चुनौतीहरूका बारेमा परामर्श गर्नुहोस्। २. गण, राहत समाज वा वार्ड परामर्शले सहयोग गर्न सक्ने कुराहरू बारे तय गर्नुहोस् र ३. अगुवाहरूबाट सिक्नुहोस् अनि सेवाका प्रयासहरूमा प्रोत्साहित हुनुहोस्।

एल्डर गणका अध्यक्ष र राहत समाजकी अध्यक्षले सिधै विशपसँग महत्त्वपूर्ण आवश्यकतका बारेमा कुरा गर्छन् र उहाँबाट परामर्श र निर्देशन प्राप्त गर्दछन्।

तपाईंले सेवा अन्तरवार्ताहरूका बारेमा थप जानकारी **ministering.lds.org** मा पाउन सक्नुहुन्छ।

सेवा अन्तरवार्ताहरूलाई अर्थपूर्ण बनाउने

सेवाको कार्यक्रम एक केन्द्र विन्दु हुनेछ जसमा चर्चको कार्यप्रणाली केन्द्रित हुनेछ भन्ने अध्यक्ष रसल एम नेल्सनको कथनलाई समर्थनमा गर्दै बाह्र प्रेरित गणका एल्डर गेरी इ स्टेभेन्सनले सिकाउनु भयो, "उहाँको दृष्टिको अनुभूति ... सेवा गर्ने दाजुभाइ र दिदीबहिनीहरूलाई के सिकाइन्छन् र उनीहरू सेवाका अन्तरवार्ताहरूमा कसरी सहभागी हुन्छन् भन्ने कुरामा निर्धारित हुन्छन्।" [२]

सेवा गर्ने दाजुभाइ र दिदीबहिनीहरूका लागि पाँच सुझावहरू:

• परामर्श खोज्दै अन्तरवार्तामा जानुहोस्। सिक्नका लागि तयार हुनुहोस्।

• तपाईंलाई आवश्यक पर्न सक्ने सरसल्लाहको आवश्यकताका बारेमा छलफल गर्न तयार हुनुहोस्।

• केवल आवश्यकतामा मात्रै नभई व्यक्तिगत सबल पक्ष र क्षमतामा जोड दिनुहोस्।

• तपाईंको सेवा सफल भयो भनेर देखाउने परिणामहरूका बारेमा परामर्श गर्नुहोस्।

• आवश्यकता अनुसार त्रैमासिक अन्तरवार्ताका बीचमा परामर्श गर्न अध्यक्षतालाई सम्पर्क गर्नुहोस्।

अगुवाहरूका लागि पाँच सुझावहरू

• अन्तरवार्ताहरू लामो हुनु जरुरी छैन तर अर्थपूर्ण वार्तालापका लागि अनुमति दिने स्थानमा भेट्नका लागि पर्याप्त समय छुट्याउनुहोस्।

• सेवा गर्ने दाजुभाइवा दिदीबहिनीलाई सेवा गर्ने अवसर लिनुहोस्।

• तपाईंले केवल भेटहरु गर्नुभयो वा सम्पर्क गर्नुभयो ("के तपाईंले आफ्नो सेवा पूरा गर्नुभयो?") भनेर गन्न मिल्ने वा ठीक लगाउन मिल्ने खालको धरणा बनाउन मिल्ने प्रश्नहरू नसोध्नुहोस्। चाहना अनुसारका व्यवहारहरूलाई प्रवलित गर्न मिल्ने प्रश्नहरू सोध्नुहोस् । ("परिवारका लागि प्रार्थना गर्दा तपाईंले के प्रोत्साहन महसुस गर्नुभयो? तपाईंले ती प्रोत्साहनमा कार्य गर्दा के भयो?") ।

• ध्यानपूर्वक सुन्नुहोस् र सूची बनाउनुहोस्।

• सँगै परामर्श गर्नुहोस्। सेवाका जोडीहरू तिनीहरूका लागि सुम्पिएकाहरूका लागि प्रकाश प्राप्त गर्न हकदार हुन्छन्।

## सेवा अन्तरवार्ताहरूका बारेमा प्रश्नोत्तर

सेवा अन्तरवार्ता भनेको क हो?

यो एल्डर गण अध्यक्षताका एक सदस्य र सेवा गर्ने दाजुभाइहरू बीच वा राहत समाज अध्यक्षताका एक सदस्य र सेवा गर्ने दिदीबहिनीहरू बीचको एक वसाइमा गरिने छलफल हो जहाँ तिनीहरूले पवित्र आत्माको प्रेरणा खोज्न र प्राप्त गर्न सक्छुन्। परिणाम स्वरुप सेवा गर्ने दाजुभाइ र दिदी बहिनीहरू हेरचाह गर्न, प्रेम गर्न, सिकाउन र मुक्तिदाताको तरिकामा सान्त्वना दिन प्रेरित हुन सक्छन्।

के यी त्रैमासिक अन्तरवार्ताहरू व्यक्तिगत रुपमा हुनु जरुरी छ?

सामान्यतया तिनीहरू व्यक्तिगत भेटमा गरिन्छन् तर व्यक्तिगत भेट अव्यवहारिक भएको अवस्थामा तिनीहरू फोन वा अनलाइनबाट पनि गर्न सकिन्छ। सामान्यतया, उपयुक्त भएको अवस्थामा दुबै साथी अन्तरवार्तामा सहभागी हुन्छन्।

सेवा अन्तरवार्ताको उद्देश्य के हो?

सेवा गर्ने दाजुभाइ र दिदीबहिनीहरूका लागि सेवा अन्तरवार्ताहरू हालको अवस्था समिक्षा गर्ने, भविष्यका योजनाहरू बनाउने र उनीहरूले सेवा गर्ने व्यक्तिहरू वा परिवारहरूलाई आवश्यक सहयोग प्रदान गर्ने अवसर हुन्। यो गण र राहत समाजले प्रदान गर्न सक्ने स्रोतसाधनका बारेमा कुरा गर्ने अवसर हो।

गोप्य र सम्वेदनशील विषयहरूमा मैले कसरी व्यवहार गर्ने?

सेवा गर्ने दाजुभाइ र दिदीबहिनीहरूले गोप्य कुराहरू केवल एल्डर गण वा राहत समाज अध्यक्षसँग वा सिधै विशपसँग बाँड्छन्। गोप्य वा सम्वेदनशील जानकारीहरू पहिलो आइतबारका परामर्श सभाहरूमा बाँड्न् हुँदैन।

**ministering.lds.org.** मा तपाईं सेवा अन्तरवार्ताहरू देखाउने तालीमका भिडियो हेर्न सक्नुहुन्छ।

## पहिलो आइतबारका परिषद सभाहरु

सेवा अन्तरवार्ताका अलवा पहिलो आइतबारका परामर्श सभाहरू अरूहरूलाई सेवा गर्ने कुरामा सहभागी गराउने अर्को तरिका हुन्। राहत समाज र एल्डरहरूको गणका सभाहरूमा सहभागी हुनेहरूमा आत्माबाट र समुहमा भएका अन्यहरूबाट प्रेरणा आउन सक्छ।

परिषद सभाको उद्देश्य यो हो:

• स्थानीय उत्तरदायित्व, अवसरहरु र चुनौतीहरूका बारेमा सँगै सल्लाह गर्ने;

• "एकअर्काका अन्तरदृष्टि र अनुभवहरूबाट सिक्नुहोस्; अनि

• "आत्माबाट प्राप्त गरेका प्रेरणाहरूमा कार्य गर्ने तरिकाहरूको योजना बनाउनुहोस्" [३]

परामर्शका सभाहरू छलफल भन्दा पनि बढी हुन्: यी सभाहरूले हामीलाई आत्माद्वारा प्रोत्साहित गरे अनुसार व्यक्तिगत वा सामुहिक रुपमा कार्य गर्न अगुवाइ गर्छन्। यी सभाहरूको परिणाम स्वरुप सदस्यहरूले परमप्रभुको कार्य पूरा गर्ने चाहना महसुस गर्न सक्छन्।

## कार्य गर्नका लागि आमन्त्रण

बाह्र प्रेरित गणका एल्डर जेफ्री आर हल्याण्डले भन्नुभयो "आजको हाम्रो पार्थना भनेको हरेक पुरुष र महिला अनि हाम्रा जवान युवा पुरुष र युवतीहरू आत्मा देखि नै एकअर्काका लागि हेरचाह गर्न अझै बढी प्रतिवद्ध, केवल ख्रीष्टको विशुद्ध प्रेमद्वारा उत्प्रेरित भएका हुनेछन्। " [४]

### येशूले अरूहरूलाई समावेश गराउनुभयो

पाँचवटा जौका रोटी र दुईवटा माछाले येशूले ५,००० को भीडलाई खुवाउनुभयो। सेवाको यो कार्यमा मुक्तिदाताले अरूहरूलाई कति पटक समावेश गर्नुभयो भनेर पत्ता लगाउन यूहन्ना ६:५-१४ पढ्नुहोस्।

"सेवाका सिद्धान्तहरू" का लेखहरू भेटका समयमा सन्देशका रुपमा बाँड्ने नभई एकअर्कालाई हेरचाह गर्न हामीलाई सहयोग गर्नका लागि हुन्। जब हामीले आफुले सेवा गर्नेहरूलाई चिन्छौं, हाम्रो हेरचाह र दयाका अलवा उहाँहरूलाई कस्तो सन्देशको आवश्यकता छ भनेर थाहा पाउन पवित्र आत्माले प्रोत्साहन गर्छ।

अरूहरूको आवश्यकताहरूका बारेमा परामर्श गर्नु सेवा अन्तरवार्ताको महत्वपूर्ण पक्ष हो। २०१८ को सेप्टेम्बरको प्रकाशनमा, “Counsel about Their Needs,” सेवाका सिद्धान्तको लेख पनि हेर्नुहोस्।

## सूचीहरू


१. See *Mormon Messages* video “Lift,” lds.org/media-library.

२. Gary E. Stevenson, in “Ministering Interviews” (video), ministering,lds.org.

३. *Come, Follow Me—For Melchizedek Priesthood and Relief Society*, in *Ensign* or *Liahona*, नोभे २०१७, १४०; comefollowme.lds.org. मा पनि उपलब्ध छ।

४. Jeffrey R. Holland, “Be With and Strengthen Them,” *Ensign* or *Liahona*, May 2018, 103.


© 2018 by All rights reserved. Printed in USA. English approval: 6/17. Translation approval: 6/17. Translation of *Ministering Principles, October 2018.* Nepali. 15053 372